## श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०१९ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड-मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्र ऋण उठाउने अधिकारको निमित्त बनेको ऐन

प्रस्तावना:– आर्थिक वर्ष २०१९।२० को निमित्त श्री ५ को सरकारको अर्थ–सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न संचित कोष वा अन्य सरकारी कोष धितो राखी श्री ५ को सरकारले राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

र नेपाल विशेष व्यवस्था ऐन, २०१७ को दफा ६ को उपदफा ( २ ) मा नेपाल कानूनले दिएको अधिकारले बाहेक संचित कोष वा अरू कुनै सरकारी कोष धितो राखी कुनै ऋण लिन नहुने गरी व्यवस्था गरिएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋण उठाउने अधिकारः– (१) आर्थिक वर्ष २०१९।२० को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न श्री ५ को सरकारले नेपाली रुपैयां दुई करोड पचास लाखमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको सांवा र व्याज बापतको रकम संचित कोष वा अन्य सरकारी कोषप्रति व्ययभार हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको सावाँ र व्याज भुक्तान अवधि र सो ऋणको व्याजको दर आदि कुराहरू राष्ट्र ऋण ऐन, २०१७ बमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

252